लोक सेवा आयोग
बुटवल कार्यालय
(परीक्षा शाखा)
बुटवल, रूपन्देही
☎ ०७१-५४०२०७, ०७१-५५१३२८ फ्याक्स नं- ०७१-५४७८०७ वेवसाइटः www.psc.gov.np इमेलः butwal@psc.gov.np

**रा.प.तृतीय श्रेणी (अप्राविधिक) शाखा अधिकृत वा सो सरह पदको प्रथम चरणको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना।**

**सूचना नं. ०२/२०७८।७९,** **मितिः २०७८।०४।०८**

लोक सेवा आयोग, केन्द्रीय कार्यालय, काठमाडौंको विज्ञापन नं. १६६९५-१६७०१/०७७-७८, (खुला तथा समावेशी) रा.प.तृतीय श्रेणी (अप्राविधिक), संयुक्त र एकीकृत परीक्षा प्रणाली अन्तर्गत रा.प.तृतीय श्रेणी शाखा अधिकृत वा सो सरह पदमा लोक सेवा आयोग, बुटवल कार्यालय, बुटवल परीक्षा केन्द्र राखी Online दरखास्त फाराम स्वीकृत भएका उम्मेद्वारहरुको प्रथम चरणको प्रतियोगितात्मक लिखित परीक्षा देहायको मिति, समय र स्थानमा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड पालना गर्ने गरी सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै उम्मेद्वारहरुले आफ्नो स्वास्थ्य अवस्थाको बारेमा **आयोगको Website मा गई विद्युतीय माध्यमबाट कोभिड-१९ सम्बन्धी स्वयम् घोषणा फाराम** अनिवार्य रुपमा भर्नुपर्नेछ । परीक्षार्थीहरुले पालना गर्नुपर्ने नियमहरु द्रष्टव्य १ र २ मा उल्लेख गरिएको छ ।

**लिखित परीक्षा कार्यक्रमः**

| क्र.सं. | पत्र | बिषय | पूर्णाङ्क | परीक्षा प्रणाली | परीक्षा मिति | समय | परीक्षा अवधि |
|---|---|---|---|---|---|---|---|
| १. | प्रथम | प्रशासनिक अभिरुची परीक्षण | १०० | वस्तुगत | २०७८।४।२३ | विहान ७:३० | १घ.३०मि. |

**परीक्षा भवन**

| क्र.सं. | रोल नं. देखि | रोल नं. सम्म | उम्मेदवार संख्या | परीक्षा केन्द्र |
|---|---|---|---|---|
| १. | ५५०००१ | ५५०२०० | २०० | कान्ति मा.वि., हाटवजार लाईन, बुटवल |
| २. | ५५०२०१ | ५५०४०० | २०० | उजीर सिंह मा.वि., मैनाबगर, बुटवल |
| ३. | ५५०४०१ | ५५०६०० | २०० | अक्सफोर्ड मा.वि., सुख्खानगर, बुटवल |
| ४. | ५५०६०१ | ५५०८०० | २०० | सिद्धेश्वर लाल कुमारी मा.वि.,दिपनगर, बुटवल |
| ५. | ५५०८०१ | ५५१००० | २०० | जनता मा.वि.,रामनगर, आर्मी क्याम्प अगाडी, बुटवल |
| ६. | ५५१००१ | ५५१२०० | २०० | कालिका मानवज्ञान मा.वि. सेक्टर- २, रामनगर, बुटवल |
| ७. | ५५१२०१ | ५५१४०० | २०० | नविन औद्योगिक कदर बहादुर रिता मा.वि., देविनगर, बुटवल |
| ८. | ५५१४०१ | ५५१६०० | २०० | जन जागृति मा.वि., योगिकुटी, तिलोत्तमा |
| ९. | ५५१६०१ | ५५१८०० | २०० | कालिका मानवज्ञान मा.वि. सेक्टर- १, कालिकानगर, बुटवल |
| १०. | ५५१८०१ | देखी बाँकी सबै (परीक्षाकेन्द्र परिवर्तन गरेका समेत) | | तिलोत्तमा मा.वि., नेपालगञ्ज रोड, बुटवल |

लोक सेवा आयोग
बुटवल कार्यालय
(परीक्षा शाखा)
बुटवल, रूपन्देही
☎ ०७१-५४०२०७, ०७१-५५१३२८ फ्याक्स नं- ०७१-५४७८०७ वेबसाइट: www.psc.gov.np इमेल: butwal@psc.gov.np

द्रष्टव्य १:-

१. उम्मेदवारले उत्तरपुस्तिकामा कालो मसी भएको डटपेन/कलम मात्र प्रयोग गर्नु पर्नेछ ।
२. प्रवेश-पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराईने हुँदा प्रवेश-पत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा सञ्चालन हुनुभन्दा कम्तिमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नु पर्नेछ ।
३. परीक्षा भवनमा मोबाईल फोन तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ ।
४. परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा कार्यक्रम स्थगित हुने छैन ।
५. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital Letter) मा A, B, C, D मा लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ ।
६. परीक्षामा सम्बन्धित निकायबाट जारी भएको प्रवेशपत्र सँगै आफ्नो नागरीकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रुपमा लिई आउनुपर्नेछ।

द्रष्टव्य २:- **कोभिड-१९ संक्रमणबाट सुरक्षित रहन परीक्षार्थीले अनिवार्य पालना गर्नुपर्ने थप विषयहरु**

१. परीक्षा केन्द्रमा प्रवेश गर्नु अघि उम्मेदवारले मास्क लगाई आफ्नो प्रयोजनको लागि स्यानिटाइजर तथा खानेपानी समेत लिई आउनु पर्नेछ।
२. परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कँदा र शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरीकन एक आपसमा २ (दुई) मिटरको दूरी कायम गरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्नेछ।
३. परीक्षार्थीहरु समुहमा भेलाहुने, कुराकानी गर्ने गर्नुहुदैन ।
४. कोभिड-१९ बाट संक्रमित परीक्षार्थीहरुका लागि लोक सेवा आयोग बुटवल कार्यालय, बुटवलको विशेष परीक्षा हलमा केन्द्रको व्यबस्था गरिएको हुँदा संक्रमित परीक्षार्थीले लोक सेवा आयोग बुटवल कार्यालय, बुटवल (फो.नं. ०७१-५५१३२८, ५४०२०७) मा पुर्व जानकारी दिई उक्त विशेष परीक्षा केन्द्रबाट मात्र परीक्षामा सहभागी हुन सक्नेछन्।
५. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नु पर्नेछ।

| | | |
|---|---|---|
| | | २०७७।४।८ |
| (चुरा बहादुर कार्की) | (मदनकुमार बजगाँई) | (कृष्णप्रसाद लम्साल) |
| नायब सुब्बा | शाखा अधिकृत | सहसचिव |